# शाखा कार्यालय धनगढीको लागि आन्तरिक संरचना निर्माणका कार्यको
# वोलपत्र आव्हानको सूचना
### (गो.प.मा प्रथम पटक प्रकाशित मिति २०७२।०५।२१)

यस बैंकको **शाखा कार्यालय, धनगढीको** लागि भाडामा लिइएको नयां भवनमा आन्तरिक संरचना निर्माणका कार्य गर्नको लागि निम्न शर्तहरुको अधिनमा रही इच्छुक योग्य एवं रजिस्टर्ड ठेकेदारी फर्म वा कम्पनीहरुबाट रितपूर्वकको बोलपत्र यस बैंकमा दाखिला गर्न सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ ।

**(क) निर्माण कार्य सम्बन्धि संक्षिप्त विवरण:**

| ठेक्का न. | कार्य बिवरण | अनुमानित लागत (भ्याट समेत) | वोलपत्र दस्तुर (फिर्ता नहुने) | धरौटी रकम | कार्य सम्पन्न अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| RBB MW-03-072/73 | **आन्तरिक संरचना निर्माण तथा विद्युतिय, नेटबर्किङ्ग र AC जडान सम्बन्धी कार्यहरु** | रु.२१,७०,०४३।६७ (अक्षरुपि एककाइस लाख सत्तरी हजार त्रिचालिस र पैसा सत्तसठ्ठी मात्र) | रु.१०००।- (अक्षरुपि एक हजार मात्र ) | ५ प्रतिशत | ६० (साठी) दिन | |

**(ख) शर्तहरु:**

१) यस बैंकको कुनै पनि शाखा कार्यालयको आम्दानी अन्य शीर्षकको हिसाब नं ९५९९०२००० मा बोलपत्र दस्तुर बापत फिर्ता नहुने गरी रु. १,०००/- (अक्षरेपी एक हजार ) मात्र जम्मा गरी सक्कल अर्धकट्टी भौचर यस कार्यालयमा पेश गरी यो सूचना प्रथम पटक प्रकासित भएको मितिले ३०औं दिन दिनको कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गरि ३१ औ दिनको दिनको १२:०० बजे भित्र बोलपत्र दाखिला गरि सक्नु पर्नेछ र सोही दिनको २:०० बजे बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । तर नीजहरुको अनुपस्थितिमा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२) बोलपत्र दर्ता गर्ने वा खोल्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै बोलपत्र दर्ता वा खोल्ने कार्य हुनेछ । म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

३) बोलपत्र कागज़ात साथ नवीकरण गरिएको फर्म दर्ता प्रमाणपत्र,व्यवसाय दर्ताको ईजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता (भ्याट) प्रमाणपत्र तथा स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्र एवम आ.व.२०७०/७१ को कर चुक्ता प्रमाणपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपि पेश गर्नुपर्नेछ । कम्पनी(प्रा.लि./लि.)को हकमा प्रवन्धपत्र,नियमावली, अध्यावधिक गरेको शेयर दर्ता कितावको श्रेष्ता, साझेदार, प्रोपाइटर सञ्चालकहरुको नागरिकताको प्रमाणपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपि बोलपत्र कागजातका साथ पेश गर्नुपर्नेछ । यसका साथै बोलपत्रदाताले खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको,स्वार्थ नबाँझिएको र पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजायँ नपाएको भनी लिखित रुपमा स्वयम घोषणा गरिएको पत्र, फर्मको बिगत वर्षको कार्य अनुभवको विवरण तथा विगत आर्थिक वर्षको आर्थिक विवरण खुल्ने कागजात समेत पेश गर्नु पर्नेछ ।

४) कम्पनीको हकमा बोलपत्रमा भाग लिने निर्णय तथा सो सम्बन्धी सम्पूर्ण काम कारवाही गर्ने व्यक्तिलाई अख्तियारी प्रदान गरिएको व्यहोराको सञ्चालक समितिको निर्णय अनिवार्य रुपमा बोलपत्रका साथ पेश गर्नुपर्नेछ । साथै बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही तथा फर्म वा कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

५) बोलपत्र पेश गर्दा धरौटी वापत बोलपत्रमा कबोल गरेको रकमको ५ % ले हुने रकम यस बैंकको कुनै पनि शाखाको अर्नेष्ट मनी शीर्षकको हिसाव नं १६१२०००० मा जम्मा गरेको सक्कल अर्धकट्टी भौचर वा सो बराबरको मान्यता प्राप्त "क" श्रेणीको वाणिज्य बैंक (यस बैंक बाहेक) बाट बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना हुने गरी कम्तीमा १२० दिन अवधिको बिड बण्ड (बैंक ग्यारेण्टी) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम अवधिबाट गणना हुने गरि ९० दिनको हुनेछ ।

६) बोलपत्र अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ । केरमेट भएको हुनु हुँदैन । कथंकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वत: रद्द हुनेछ ।

७) घटी वा बढी रकमको बोलपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने आदि सम्पूर्ण अधिकार यस बैंकमा नै सुरक्षित रहनेछ ।

८) बोलपत्र स्वीकृत भएपछि सम्झौता गर्नु अगाडि बोलपत्रदाताले स्वीकृत बोल कबोल रकमको १० प्रतिशत बराबरको नगद धरौटी खातामा जम्मा गरेको अर्धकट्टी भौचर वा सो बराबरको मान्यता प्राप्त "क" श्रेणीको वाणिज्य बैंक (यस बैंक बाहेक) बाट जारी भएको परफमेन्स बण्ड (बैंक ग्यारेण्टी) पेश गरिसकेपछि मात्र सम्झौता गरी कार्यादेश दिइनेछ ।

९) नेपाल सरकारको नियमानुसार लाग्ने कर, रिटेन्शन मनी (रा.वा.बैंक लि.आर्थिक प्रशासन विनियमावली २०६८ अनुरुप (१०%) तथा अन्य प्रचलित कर समेत भुक्तान हुने बिलबाट कटाई बाँकी रकम भुक्तानी दिइनेछ । रिटेन्शन वापत कट्टा गरेको रकम फिर्ता सम्बन्धमा बैंकको आर्थिक प्रशासन विनियमावली २०६८ अनुरुप हुनेछ र कर बापतको रकम राजश्व खातामा जम्मा गरिनेछ ।

१०) यो सूचनामा छुट हुन गएका अन्य शर्त एव विषयहरु बोलपत्र कागजातमा उल्लेख भए अनुसार वा खरिद ऐन २०६३ तथा यस बैंकको आर्थिक प्रशासन विनियमावली २०६८ अनुरुप हुनेछ । यस सम्बन्धमा कुनै कुरा बुझ्न परेमा यस बैंकको website: rbb.com.np मा तथा कार्यालय खुलेको दिन कार्यालय समय भित्र यस विभागमा सम्पर्क गर्न सकिनेछ ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक


**राष्ट्रिय वाणिज्य बैंक लि.**
केन्द्रिय कार्यालय
सम्पति ब्यबस्थापन विभाग
टेकु, काठमाण्डौ
फोन:४२४१२४८